# जोशीपुर गाउँपालिका

## गाउँसभा बैठकमा

## गाउँपालिका अध्यक्ष श्री चित्र बाहदुर चौधरीज्यू द्वारा प्रस्तुत

## आर्थिक २०८०/०८१ को

# नीति तथा कार्यक्रम

जोशीपुर गाउँपालिका
जोशीपुर कैलाली

९ आषाढ, २०८०

आदरणीय सभा उपाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

यस गरिमामय सभामा जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, थारुहट आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिका उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, नागरिकको सु-स्वास्थ्य र दिर्घायुको सुनिश्चितता गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

आदरणीय सभा उपाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

अब म गाउँपालिकाले आर्थिक वर्ष २०८०/ ८१ मा लिने नितिका बारेमा भन्न गइरहेको छु।

**कृषि**

१ प्रत्येक वार्डमा उच्च बजार मुल्यका फलफूल, तरकारी तथा नगदेवालीको पकेट क्षेत्र निर्धारण गरी "एक वार्ड एक विशेष उत्पादन" कार्यक्रम संचालन गरिनेछ ।

२ रैथाने वालीहरुको संरक्षणका लागी विशेष कार्यक्रम संचालन गरिनेछ र पालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्रान्डको रुपमा खाना उपलब्ध गराइनेछ ।

३ उत्पादित कृषिजन्य उपजको लागि शित भण्डारको व्यवस्था गरिनेछ ।

४ मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

५ विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।

६ एक टोल एक महिला कृषक समुह गठनको नीति लिइनेछ।

७ बजार अनुगमनलाई प्रभावकारी बनाईने छ साथै पालिका भित्र रहेका संम्भावित बजारहरुमा हाटबजार बाह्रै महिना चलाउन आवश्यक प्रवन्ध गरिनेछ ।

८ पालिका भित्र रासायनिक मलको दर भाउ एकरुपता कायम गरिनेछ।

९ गाउँपालिकाका कृषकको उत्पादनको गुणस्तर कायम गरी कृषि उपजको आयात व्यवस्थापन गरिनेछ ।

१० व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाई कृषि सडक बिधुतिकरण कृषि बजार शित भण्डार तथा गोदाम घरको पुर्वाधार निर्माणको अवधारणा लिईनेछ।

**पर्यटन**

११ उज्यालो पालिकाका लागी मुख्य चोकहरुमा सौर्य सोलार बत्ती जडान गरिनेछ ।

१२ गाउँपालिका पर्यटकीय गंतव्यको लागी आकर्षक स्थानहरु पहिचान गरी प्रचार प्रसार गरिनेछ।

१३ गाउँपालिकाका विभिन्न जातजाती तथा समुदायहरुको संस्कृति, पर्व, भाषा तथा परम्पराहरुको संरक्षण गरिनेछ ।

१४ थारु समुदायको मौलिक भेषभूषा तथा खानपान झल्काउने होमस्टे घरको छनोट गरिनेछ।

१५ प्रत्येक वडाहरुमा एक पार्क निर्माण अभियान सचालन गरीनेछ।

**उद्योग**

१६ उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

१७ गाउँपालिका क्षेत्रमा उद्योगका अवसरहरू पहिचान गरी गाउँपालिकालाई उद्योग ग्रामका रुपमा विकास गर्न उद्योग वाणिज्य क्षेत्र संग सहकार्य गरिनेछ ।

१८ औद्योगिक पूर्वाधारहरुलाई अझ मजबूत बनाईनेछ।

**न्यायिक समिति**

१९ गाउँ सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

२० न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको न्यायिक ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२१ न्यायिक समितिको अधिकार क्षेत्र भित्र परेका मुद्दाहरुलाई छिटो छारितो रुपमा फच्यौंट गरी न्यायलाई आम जनताले सारभूत रुपमा पाउने व्यवस्था गरिनेछ ।

## सार्वजनिक सेवा तथा सुशासन

२२ उत्तरदायित्व प्रबर्धनको आधार स्तंभका रुपमा रहेको सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा सम्पन्न गरिनेछ ।

२३ सुचनामा आम नागरिकको सहज पहूँचका लागी सात वटै वार्डमा सूचना पार्टीको व्यवस्था मिलाईनेछ साथै कार्यालयको कामलाई थप व्यवस्थित र कार्यालयमा ई हाजिरीको ब्यबस्था मिलाईनेछ ।

२४ नागरिकरुको गुनासोको सुनुवाई तथा जिज्ञासाको सम्बोधनका लागी आवश्यक प्रवन्ध मिलाईनेछ।

२५ जनप्रतिनिधी तथा कर्मचारीको सीप, क्षमता र दक्षता विकाशका लागी तालीम, सेमीनार, गोष्ठी , सिमुलेसन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

२६ गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

२७ गाउँपालिकाको कार्यबोझ र कार्य सम्पादन स्थिति लाई मध्यनजर गर्दै विद्यमान प्रशासनिक संरचनालाइ चुस्त दुरुस्त बनाउन खाली दरबंदीका कर्मचारी प्रदेश लोकसेवा आयोगमा पठाइनेछ।

२८ गाउँपालिकाको सम्पति प्रभावकारी रुपमा संरक्षण गरिनेछ।

२९ बजार अनुगमन लाई प्रभावकारी बनाईनेछ। गाउँपालिका स्तरीय हाट बजार बाह्र महिना चलाउन आवश्यक प्रबंध गरिनेछ ।

३० प्लाष्टिक मुक्त गाउँपालिका गर्नका लागि प्लाष्टिक झोला तथा अन्य सामानमा प्रतिबन्ध लगाईनेछ।

३१ सार्बजनिक निजि क्षेत्रको साझेदारीमा पुर्बधर निर्माण गरि फोहरमैला प्रशोधन केन्द्रलाई व्यवशायिक रुपमा संचालन गर्न नीतिगत तथा कानुनी व्यवस्था गरि फोहरमैला संकलन ब्यबस्थापन र उपभोग को नीति ल्याईनेछ ।

**पूर्वाधार**

३२ सुविधा सम्पन्न पालिका स्तरीय बसपार्कका लागी अध्ययन गरिनेछ।

३३ वडा र नगरपालिकामा प्राप्त हुन आएका उपयुक्त योजनाहरुलाई परियोजना बैंक स्थापना गरी क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

३४ श्रोत साधानले एकै आर्थिक वर्षमा सम्पन्न हुने आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।

३५ सार्वजनिक पूर्वाधार निर्माण गर्दा अपांग मैत्री तथा वालवालिका मैत्री पूर्वाधार निर्माण गरिनेछ। सड़क निर्माण गर्दा ढलसहितको सड़क निर्माण गरिनेछ ।

३६ गाउपालिका अन्तर्गत सडक हरुलाई एक आपसमा जोड्न कालोपत्रे गरिनेछ र पिच गर्न नसकिने क्षेत्रमा ग्र्यावेल बाटो बनाईनेछ।

३७ संघ सरकार संगको सहकार्यमा गाउपालिकाको प्रशासकीय भवन तथा सामुदायिक स्वास्थ्य क्लीनिक निर्माण गरिनेछ ।

३८ यस वर्ष सातै वार्ड हरुमा वार्ड स्तरीय गौरव आयोजनाहरू छनोट गारी बहुवर्षीयका रुपमा आयोजना कार्यान्वयन गरिनेछ ।

३९ पालिकाका बालबालिकाको लागी बाल उद्यान पार्कको निर्माण गरिनेछ।

४० गाउँपालिकाको प्रशासकीय भवन तथा वार्ड कार्यालय हरु निर्माणको नीति लिईनेछ ।

४१ प्रेदेश सरकारबाट आएका योजना गाउँपालिका बाट स्वकृति लिएर मात्र कार्यन्वयन गर्ने व्यवस्था मिलाइने छ ।

**शिक्षा, युवा तथा खेलकुद**

४२ स्थानीय पाठ्यक्रमको निर्माण गरिनेछ साथै शिक्षकको क्षमता विकाश गर्न आवश्यक कार्यक्रम ल्याईनेछ ।

४३ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

४४ मुक्त कमैया, गरीव तथा जेहेंदार विधार्थिका लागी छात्रबृती दिने निति ल्याईनेछ ।

४५ सामुदायिक आधारभूत विद्यालयहरुमा अंग्रेजी माध्यम बाट पठन पाठन गर्ने निति लिईनेछ।

४६ एकल महिला तथा फरक क्षमता भएका व्यक्तिका लागी विशेस कार्यक्रम ल्याईनेछ ।

४७ युवाहरुको लागी प्रतिस्पर्धी कक्षाहरु संचालन गरिनेछ।

४८ गाउपालिकाले खेलकुदलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय खेलकूद प्रतियोगिता संचालन गर्ने नीति लिईनेछ ।

४९ पालिकाभित्र न्युन विद्यार्थी सङख्या रहेका विद्यालयलाई पायक पर्ने ठाउँमा समायोजनको व्यवस्था गरिनेछ।

५० पालिकाभित्र रहेका सम्पुर्ण सामुदायीक विद्यालयको प्र अ भत्तामा एकरुपता ल्याईनेछ।

५१ अंग्रेजी माध्यमबाट शिक्षा दिन ईच्छुक सामुदायीक आधारभुत बिद्यालयहरुलाई पुर्वाधार तथा शिक्षक दरवन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजि विद्यालय सरह सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर कायम गरीनेछ।

५२ नि मा वि र मा वि विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति ल्याईनेछ।

५३ सस्थागत विद्यालयहरुमा विद्यार्थीहरुबाट लिईने शुल्कमा एकरुपता ल्याईनेछ।

५४ निजि स्रोतका शिक्षकहरुलाई ब्यबस्थापन गर्नको लागि ऐन, नियम, कार्यविधि र मापदण्ड बनाई ब्यबस्थापन गरिनेछ ।

५५ कक्षा ५ र ८ को परिक्षा पालिका स्तरीय संचालन गरि सम्पूर्ण चेक जांच पालिकाको मातहत गरिनेछ ।

५६ कक्षा ५ र ८ को परिक्षामा उत्कृस्ट ल्याउने बिधालयलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।

५७ विभिन्न किसिमका दुर्व्यशनमा परेको युवाहरुलाई निरोधात्मक पर्बर्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनको प्राबधान मिलाइनेछ ।

५८ खेलकुद विकास गर्न विभिन्न खेलहरुको लागि पालिका स्तरीय कभर्ड हल सहित खेल कुद मैदान लगायतका पूर्वाधार निर्माणको प्रक्रिया अगाडी बढाइने छ ।

५९ एकल महिला तथा फरक क्षमता भएका व्यक्तिका लागी विशेस कार्यक्रम ल्याईनेछ ।

६० युवाहरुको लागी प्रतिस्पर्धी कक्षाहरु संचालन गरिनेछ।

६१ गाउँपालिकाले खेलकुलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय खेलकूद प्रतियोगिता संचालन गर्ने नीति लिनेछ ।

६२ गाउँपालिका भित्र रहेका सामुदायिक स्कुलमा प्रत्येक शुक्रबार विधार्थीहरुलाई स्थानीय भेषभुषा लगाई पठनपाठनको व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य**

६३ सम्पूर्ण पालिकावासीको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउपालिका स्तरीय एकीकृत स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

६४ मानव स्वास्थ्यलाई गम्भिर प्रतिकूल असर पार्ने मदिरा, चुरोट, सुर्ती, खैनी को बेचविखनको प्रतिबन्धलाइ निरंतरता लगाइनेछ।

६५ गुणस्तरीय स्वास्थ्यमा आम नागरिकको पहुचको सुनिस्चितताका लागी १५ शैया अस्पताल निर्माणको कार्य आरम्भ गरिनेछ।

६६ गाउँपालिका नागारिकहरुको स्वास्थ्यलाई मध्य नजर गर्दै डेंगू तथा मलेरिया लगायतका रोगहरुबाट बचाउन निश्चित मापदण्डका आधारमा झूल को व्यवस्था गरिनेछ ।

६७ प्राथमिक स्वास्थ्य केन्द्र मुद्धिमा विरामी भर्ना सहित चौबिसै घंटा इमरजेन्सी सेवा संचालन तथा सो संस्थामा सुत्केरी हुन नसकेका गर्भवतीलाइ डाक्टरको रेफर अनुसार निशुल्क एम्बुलेंस सेवाका लागी आवश्यक व्यवस्था गरिनेछ ।

६८ सिमान्तकृत गरिब मुक्तकमैया तथा पछाडी परेका जनसमुदायहरुलाई निशुल्क स्वास्थ्य विमा गरिनेछ।

६९ गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा प्रत्येक महिनाको एक पटक निःशुल्क भिडियो एक्सरे सहित MBSS डाक्टर सहित सेवा उपलब्ध गरिनेछ ।

७० गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यलाई मध्य नजर गर्दै निःशुल्क सिकलसेल एनेमिया को परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।

७१ गाउँपालिका भित्र रहेका महिलाहरुलाई निःशुल्क प्याड बितरणको व्यवस्था मिलाइने छ ।

**पशु सेवा**

७२ पशुहरुमा भ्याक्सीनलाई थप प्रवाह गरिनेछ ।

७३ पशु स्वास्थ्यलाई प्रार्थमिकतामा राख्ने नीति गाउपालिकाको रहने छ । छाडा चौपायाहरुको थप व्यस्थापन गर्दै लगिनेछ ।

**विपद व्यवस्थापन**

७४ विपद् व्यवस्थापनमा परम्परागत तथा आधुनिक ज्ञान दुबैको प्रयोग गरिनेछ। विपद् जोखिम नक्सांकन गरिनेछ ।

७५ विपद् मा निकायगत समन्वय कायम गरिनेछ । नदीमा तटबंध बनाई नदी नियंत्रण गर्न संघ र प्रदेश सरकार संग सहकार्य गरिनेछ ।

७६ विपदमा परेका व्यक्तिहरुको उचित मुल्यांकन गरि राहतको व्यवस्था गरिनेछ ।

७७ गाउँपालिकालाई हरित गाउँपालिका बनाउन आफ्नो नाम आफ्नो रुख कार्यक्रम संचालन गरिनेछ ।

७८ स्थानीय आपतकालीन कार्य संचालन केन्द्रलाई चौबिसौ घण्टा संचालनका लागि आवश्यक पहल गरिने छ ।

**भूमि व्यवस्थापन**

७९ आगामी आर्थिक वर्षमा नियंत्रण बिन्दुको पूर्ण रुपमा विस्तार गरी नापजाँचको कार्य अगाडी बढाई आगामी आर्थिक वर्षमा लालपुर्जा वितरण गर्ने कार्य गरिनेछ ।

**राजस्व व्यवस्थापन**

८० प्रविधि मैत्री राजस्व प्रणालीलाइ थप मजबूत बनाईनेछ तथा राजस्व बृद्धी गरी राजस्वका दायराहरुको पहिचान गरिनेछ ।

**अन्य**

८१ गाऊपालिकाले छिमेकी पालिकाहरु संग भगिनी सम्बन्ध विस्तार गर्ने नीति लिनेछ ।

८२ लोक सेवा आयोगले पदपूर्ति गरिसकेका पदहरुमा करारको कर्मचारी राखिने छैन |

८३ आवश्यकताको आधारमा दरबन्दी हेरी प्राबिधिक पदहरुमा करारको कर्मचारीहरु भर्ना गर्न सकिने छ |

८४ गाउँपालिकालाई सुरक्षा कायम गर्न लाई गाउँ प्रहरी भर्ना गरिने प्रक्रिया अगाडी बढाइने छ |

८५ आ.व. २०७९/०८० को गरेका कामका गतिविधिहरु समिक्षाको रुपमा सार्बजनिक सुनुवाईमा गरिने छ ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रामक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यबस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यन्वयनको अभ्यास गर्दौ चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम सफल पार्न सहयोग पुर्याएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, संचार जगत तथा सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद!

**चित्र बहादुर चौधरी**

**गाउँपालिका अध्यक्ष**